## वस्तुगत प्रश्नोत्तर

१. **कुन पुरस्कारलाई वैकल्पिक नोबेल पुरस्कार भनेर पनि चिनिन्छ ?**
✍ राइट लिभ्लिहुड पुरस्कार
- यो पुरस्कारको स्थापना सन् १९८० मा जर्मन–स्विडिस नागरिक ज्याकोव भन मुक्सकुलद्वारा भएको ।
- वातावरण संरक्षण, दिगो विकास, मानव अधिकार, शान्ति, शिक्षालगायतका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने (चार व्यक्ति/संस्था)लाई यो पुरस्कार प्रदान गरिने ।
- यो पुरस्कार सन् १९८० देखि प्रदान गर्न थालिएको ।
- सन् २०२१ मा यो पुरस्कार मार्थ वान्डोउ, भ्लादिमिर स्लिवजाक, फ्रेडा हुसोन र लेगल इनिसिएटिभ फर फरेस्ट एन्ड इन्भाइरन्मेन्ट (एलआईएफई)लाई प्रदान गरिएको ।
- यस पुरस्कारको राशि दुई लाख युरो रहेको ।

२. **नेपालको पहिलो बैङ्क 'नेपाल बैङ्क लिमिटेड'को स्थापना कहिले भएको हो ?**
✍ वि.सं. १९९४ कात्तिक ३० गते
- वि.सं. २०७८ कात्तिक ३० मा यो बैङ्क ८४ वर्ष पूरा गरी ८५औँ वर्षमा प्रवेश गरेको ।
- यस बैङ्कमा हाल नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत सेयर हिस्सा रहेको ।

३. **विश्व एन्टिमाइक्रोबियल सचेतना सप्ताह कहिले मनाइन्छ ?**
✍ नोभेम्बर १८–२४
- संयुक्त राष्ट्रसङ्घअन्तर्गतका विश्व स्वास्थ्य सङ्गठन, खाद्य तथा कृषि सङ्गठन र विश्व पशु स्वास्थ्य सङ्गठनको संयुक्त आह्वानमा विश्वभरि नै सचेतना सप्ताह मनाउने गरिएको ।
- एन्टिमाइक्रोवियल रेजिस्टेन्सको विश्वव्यापी चुनौतीलाई सामना गर्न सङ्क्रमण रोकथाम तथा एन्टिमाइक्रोवियल औषधिहरूको समुचित प्रयोगका विषयमा चेतना फैलाउन सन् २०१५ देखि यो दिवस मनाउन थालिएको ।
- पछिल्लो ३० वर्षयता कुनै पनि नयाँ समूहका प्रभावकारी एन्टिवायोटिक्स औषधिहरू आविष्कार नहुनुसमेत चुनौतीका रूपमा रहेकाले हामीसँग रहेको विद्यमान एन्टिमाइक्रोवियल औषधिहरूको प्रभावकारितालाई कायम राख्न यसको समुचित प्रयोग गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको ।
- सचेतना फैलाउँदै प्रतिरोध रोकौँ (स्प्रिड अवेरनेस, स्टप रसिस्टेन्स) विषयमा आधारित रही 'एन्टिमाइक्रोवियलको प्रयोग सावधानीपूर्वक गरौँ (एन्टिमाइक्रोवियल : ह्यान्डल विथ केयर)' भन्ने मूल नाराका साथ यो दिवस मनाइएको ।

४. **सरकारले विद्युतीय राहदानी (ई–पासपोर्ट) कहिलेदेखि प्रयोगमा ल्याउन थालेको हो ?**
✍ वि.सं. २०७८ मङ्सिर १ गते
- हाल प्रचलनमा रहेको मेसिन रिडेवल पासपोर्ट (एमआरपी)लाई विस्थापन गर्ने लक्ष्यसहित ई–पासपोर्ट प्रयोगमा ल्याइएको ।
- शताब्दीपुरुष संस्कृतिविद् सत्यमोहन जोशीलाई पहिलो ई–पासपोर्ट प्रदान गरिएको ।
- सन् २०३० सम्ममा सबैको हातमा ई–पासपोर्ट पुऱ्याउने राहदानी विभागको लक्ष्य रहेको ।

५. **कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा दोस्रो पटक कहिले नियुक्त भएका हुन् ?**
✍ वि.सं. २०७८ साउन १५ गते

६. **संयुक्त राष्ट्रसङ्घले कुन दिनलाई महामारी तयारी दिन (एपिडेमिक प्रिपेयर्ड डे)का रूपमा मनाउने निर्णय अनुमोदन गरेको छ ?**
✍ डिसेम्बर २७

७. **राष्ट्रिय कर दिवस, २०७८ का अवसरमा सबैभन्दा बढी कर तिरेर सम्मानित हुने कम्पनी कुन हो ?**
✍ सूर्य नेपाल
- व्यक्तिगततर्फ सबैभन्दा बढी कर तिरी सम्मानित

| कर तिर्ने कम्पनी | सूर्य नेपाल |
|---|---|
| आयकर तिर्ने व्यक्ति | सिद्धार्थशमशेर जबरा |
| आयकर तिर्ने कम्पनी | डावर नेपाल प्रालि |
| आयकर तिर्ने विशेष उद्योग | एसियन पेन्टस् (नेपाल) प्रालि |
| आयकर तिर्ने कृषि एवं पशुपन्छीजन्य उद्योग | पूर्वाञ्चल एग्रिटेक प्रालि |
| आयकर तिर्ने सहकारी तथा लघुवित्त | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| आयकर तिर्ने बैङ्क वित्तीय संस्था | नबिल बैङ्क लिमिटेड |
| आयकर तिर्ने बीमा कम्पनी | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड |
| आयकर तिर्ने स्वास्थ्य तथा शैक्षिक संस्था | नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल |
| आयकर तिर्ने पर्यटन व्यवसाय | तारागाउँ रिजेन्सी होटल्स लि. |
| आयकर तिर्ने व्यापारिक संस्था | भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल प्रालि |
| आयकर तिर्ने मध्यमस्तरीय करदाता | कर्जा सूचनाकेन्द्र कम्पनी लिमिटेड |
| आयकार तिर्ने ऊर्जामूलक उद्योग | हिमाल पावर लिमिटेड |
| मूल्य अभिवृद्धिकर समयमै र बढी तिर्ने | घोराही सिमेन्ट इन्डस्ट्रिज लिमिटेड |

हुने उद्यमी सिप्रदी ट्रेडिङ प्रालिका कार्यकारी अध्यक्ष सिद्धार्थशमशेर जबरा रहेका ।
- राष्ट्रिय कर दिवस २०७८ को नारा : स्वैच्छिक कर सहभागितामा अभिवृद्धि : सुशासन, विकास र समृद्धि ।
- दसौँ राष्ट्रिय कर दिवसका अवसरमा सम्मानित व्यक्ति/संस्था

८. **हाम्रो शरीरका सम्पूर्ण क्रियाकलापको नियन्त्रण तथा समन्वय गर्ने प्रणालीलाई के भनिन्छ ?**
✍ स्नायु प्रणाली

९. **सार्क फाइनान्सको अध्यक्षमा चयन हुने व्यक्तित्व को हुनुहुन्छ ?**
✍ ने.रा. बैङ्कका गभर्नर महाप्रसाद अधिकारी
- सार्क फाइनान्स गभर्नर्स ग्रुपको २०७८ कात्तिक २९ गते भर्चुअल माध्यमबाट आयोजित ४२औँ बैठकले उहाँलाई अध्यक्ष चयन गरेको ।
- माल्दिभ्स मनिटरी अथोरिटीद्वारा आयोजित बैठकमा नेपाल राष्ट्र बैङ्कलगायत सार्क राष्ट्रका अन्य केन्द्रीय बैङ्कका गभर्नर, डेपुटी गभर्नर तथा सम्बद्ध अधिकारीहरूको सहभागिता रहेको ।
- बैठकमा दक्षिण एसियाली आर्थिक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्था, शोधनान्तर स्थिति, कुल विदेशी विनिमय सञ्चिति, मुद्रास्फीति, कर्जा प्रवाह, विकास, जलविद्युत्, पर्यटनलगायतका साझा चासो र सहकार्यका विषयमा छलफल भएको ।



१०. **नेपालको सबैभन्दा ठूलो मानपदवी 'नेपाल रत्न' मरणोपरान्त कसलाई प्रदान गर्ने निर्णय (वि.सं. २०७८ आश्विन २ मा) गरियो ?**
✍ पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई

११. **अफगानिस्तानमा तालिबानले मुल्लाह मोहम्मद हसन अखुन्दको प्रधानमन्त्रित्वमा अन्तरिम सरकारको घोषणा कहिले गरेको हो ?**
✍ सन् २०२१ सेप्टेम्बर ७

१२. **अमेरिकाको न्युयोर्क विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङअन्तर्गत सञ्चालित द गोभल्याबको ओपन सिटी इन्क्युवेटर कार्यक्रममा नेपालको कुन नगरपालिका विश्वकै उत्कृष्ट १० नगरपालिकाभित्र पर्न सफल भएको हो ?**
✍ चाँगुनारायण न.पा. (भक्तपुर)

१३. **नेपालको पहिलो महिला मुख्यमन्त्री को हुन् ?**
✍ अष्टलक्ष्मी शाक्य (वि.सं. २०७८ भदौ २ देखि कात्तिक १०, बागमती प्रदेश)

१४. **माइक्रो क्रेडिट र माइक्रोफाइनान्सका सफल प्रयोगकर्ता मानिने मोहम्मद युनुस कुन देशका नागरिक हुन् ?**
✍ बङ्गलादेश
- बङ्गलादेशमा ग्रामीण बैङ्कको स्थापना गरी सो बैङ्कमार्फत विपन्न लाखौँ बङ्गलादेशीलाई ऋण प्रदान गरी स्वरोजगारको माध्यमबाट उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सफल युनुस अर्थशास्त्री एवं बैङ्कर हुन् ।



- युनुस र यिनले स्थापना गरेको ग्रामीण बैङ्कलाई सन् २००६ मा नोबल पुरस्कार प्रदान गरिएको ।
- सन् १९८४ मा यिनी रोमन म्यागासेसे पुरस्कारबाट पनि सम्मानित भएका ।
- ढाकास्थित ग्रामीण बैङ्कको प्रधान कार्यालयमा युनुस सेन्टर स्थापना गरिएको ।

१५. **विश्वमा धेरै दूध उत्पादन गर्ने देश कुन हो ?**
✍ भारत

१६. **अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले 'आदर्श वाक्य' (मोट्टो) के तय गरेको छ ?**
✍ फास्टर, हाइअर, स्ट्रङ्गर – टुगेदर
- सन् २०२१ जुलाई २० मा नयाँ आदर्श वाक्य तय गरेको ।
- यसअघिको आदर्श वाक्य 'फास्टर, हाइअर, स्ट्रङ्गर' रहेको ।

१७. **ट्राभल गाइडबुक लोन्ली प्लानेटले प्रकाशित गरेको सूचीअनुसार सन् २०२२ मा विश्वमा घुम्नैपर्ने मुलुकहरूको सूचीको शीर्ष १० स्थानमा पर्न सफल स्थान/मुलुकहरू कुन–कुन हुन् ?**
✍ क्रमशः कुक आइल्यान्ड, नर्वे, मौरिसस, बेलिज, स्लोभेनिया, एङ्गुइला, ओमान, नेपाल, मलावी, इजिप्ट

१८. **अमेरिकास्थित स्पेसएक्सले विग फाल्कन रकेट (वीएफआर) प्रयोग गरी चन्द्रमामा पर्यटक लैजाने नयाँ योजना कहिले सार्वजनिक गरेको हो ?**
✍ सन् २०१८ सेप्टेम्बर १२

१९. **नेपालको इतिहासमा कुन घटनालाई बस्नेत पर्व पनि भनिन्छ ?**
✍ भण्डारखाल पर्व

२०. **हरित पेटिका अभियान (ग्रिनवेल्ट मुभमेन्ट)का संस्थापक को हुन् ?**
✍ वाङ्गारी माथाई

२१. **विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोकादेखि स्वयम्भूसम्मको २.२ किलोमिटर पदमार्गलाई कुन पदमार्गका रूपमा विकास गरिने भएको छ ?**
✍ हेरिटेज ट्रेक अर्थात् सम्पदा पदमार्ग

२२. **खमेर रुज कम्बोडियाको विद्रोही समूह हो भने हमास कुन देशको विद्रोही समूह हो ?**
✍ प्यालेस्टाइन

२३. **महिलाको मानव अधिकार संरक्षणको अन्तर्राष्ट्रिय दस्तावेजका रूपमा रहेको** 'Convention on Elimination of All Forms of Discrimination Against Women' (CEDAW)**लाई नेपालले कहिले अनुमोदन गरेको हो ?**
✍ सन् १९९१

२४. **प्रिज्मको प्रयोग गरी सूर्यको प्रकाशबाट विभिन्न सात रङका किरण छुट्याउने प्रक्रियालाई के भनिन्छ ?**
✍ प्रकाश विच्छेदन

२५. **प्रतिसेकेन्डमा उत्पन्न हुने जम्मा तरङ्गको सङ्ख्यालाई के भनिन्छ ?**
✍ आवृत्ति (फ्रिक्वेन्सी)

२६. **नेपालमा सर्वप्रथम जनगणना लिने संस्था कुन हो ?**
✍ सेन्सस गोश्वारा
- नेपालमा जनगणना वि.सं. १९६८ देखि सुरु भएको ।
- नेपालमा चौथो जनगणना (वि.सं. १९९८)सम्म व्यक्ति गणनाका रूपमा गणना गर्ने गरिएकोमा पाँचौँ (२००९/११) बाट वैज्ञानिक गणना सुरु गरिएको ।
- नेपालमा सुरुवाती चरणमा सेन्सस गोश्वाराले जनगणना लिने गरेकोमा वि.सं. २०१८ बाट केन्द्रीय तथ्याङ्क विभागले लिँदै आएको ।
- वि.सं. २०२८ बाट जनगणनामा कम्प्युटरको प्रयोग गर्न थालिएको ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वित्तीय सङ्घीयतामा राजस्वको अधिकार




१. **नेपालको निजामती सेवाका सबल पक्षहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ राजनीतिप्रति तटस्थ र सरकारका नीति तथा कार्यक्रमप्रति प्रतिबद्ध रहेको नेपालको निजामती सेवाका सबल पक्ष निम्नअनुसार छन् :
- ऐन नियमद्वारा व्यवस्थित गरिएको छ । यसका लागि निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० लागू छ ।
- संस्थागत व्यवस्था प्रस्ट छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायका रूपमा कार्य गरेको छ । सेवा समूहसँग सम्बन्धित मन्त्रालयको व्यवस्था छ ।
- तीन तहको सङ्घीय प्रणालीअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहसम्म निजामती सेवाको सञ्जाल छ । सङ्घ, प्रदेश, स्थानीय तह हुँदै वार्ड तहसम्म संस्थागत संरचना छ ।
- कर्मचारीको छनोट योग्यताका आधारमा हुने व्यवस्था छ । यसका लागि सङ्घमा लोकसेवा आयोग र प्रदेशमा प्रदेश लोकसेवा आयोगको व्यवस्था गरिएको छ ।
- कर्मचारीको उमेरको हद ५८ वर्ष तोकिएको छ ।
- सचिवको पाँच वर्ष र मुख्य सचिवको तीन वर्ष सेवा अवधि निश्चित गरिएको छ ।
- सेवासुरक्षाको कानुनी प्रत्याभूति छ ।
- नियुक्ति, पदस्थापन, सरुवा, बढुवालगायत वृत्ति विकासका पक्षहरू कानुनद्वारा निश्चित गरिएको छ ।
- राजनीतिबाट अलग एवं तटस्थ राखिएको छ ।
- सरकारका नीति तथा कार्यक्रमप्रति निजमती सेवा प्रतिबद्ध छ ।

२. **नेपालमा वित्तीय सङ्घीयता अन्तर्गत राजस्वको अधिकार के कसरी व्यवस्थित गरिएको छ ? उल्लेख गर्नुहोस् ।**
✍ वित्तीय सङ्घीयताको सार तत्त्वका रूपमा रहेको राजस्व अधिकारलाई नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले व्यवस्थित गरेको छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

● **सङ्घको अधिकार**
- कर राजस्व : भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर,
- गैरकर राजस्व : राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, क्यासिनो, दण्ड जरिवाना

● **प्रदेशको अधिकार**
- घरजग्गा रजिस्ट्रेसन शुल्क, विज्ञापन कर, सवारीसाधन कर, मनोरञ्जन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

● **स्थानीय तहको अधिकार**
- घरजग्गा रजिस्ट्रेसन शुल्क, विज्ञापन कर, सवारीसाधन कर, मनोरञ्जन कर, घर बहाल कर, व्यवसाय कर, सम्पत्ति कर, मालपोत सङ्कलन, भूमिकर (मालपोत), पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना,

● **तीन तहको साझा अधिकार**
- पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- साझा सूचीका विषयमा कर लगाउने र उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गर्ने,

● **राजस्व बाँडफाँट**
■ **क. मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क**
- सङ्घ, प्रदेश र स्थानीय तहमा क्रमश : ७० प्रतिशत, १५ प्रतिशत, १५ प्रतिशत,
- मासिक रूपमा उपलब्ध गराइने, आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिने,

■ **ख. प्राकृतिक स्रोतको रोयल्टी (विद्युत्, वन, पर्वतारोहण, पानी, खानी तथा खनिज)**
- सङ्घ, प्रदेश र स्थानीय तहमा क्रमशः ५० प्रतिशत, २५ प्रतिशत, २५ प्रतिशत,
- प्रदेश र स्थानीय तहले कर लगाउँदा ध्यान दिनुपर्ने कुरा
- राष्ट्रिय आर्थिक नीति,
- वस्तु तथा सेवाको ओसारपसार,
- पुँजी बजार,
- श्रम बजार,
- छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी,
- गैरकरको दर निर्धारणको आधार
- तीन तहले वस्तु तथा सेवाको लागत, सञ्चालन र मर्मत सम्भार खर्च
- एकल कर प्रशासन

● **प्रदेश र स्थानीय तहको दुवैको अधिकार सूचीमा रहेका देहायका कर देहायबमोजिम लगाइने र उठाइने व्यवस्था छ :**

● **क. सवारी साधन कर**
- प्रदेशले करको दर लगाउने र कर उठाउने, उठेको करको ६० प्रतिशत प्रदेशको हिस्सा र ४० प्रतिशत स्थानीय तहको हिस्सा हुने
- तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा पालिकाले करको दर लगाउने र कर उठाउने,

● **ख. घरजग्गा रजिस्ट्रेसन शुल्क**
- प्रदेशले शुल्कको दर लगाउने र पालिकाले शुल्क उठाउने तर यो शुल्क उठाउन प्रदेश र पालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले लगाएको शुल्कको दरअनुसार शुल्क उठाई सम्बन्धित प्रदेश र पालिकामा (६० प्रतिशत पालिका र ४० प्रतिशत प्रदेश) दाखिला गर्ने अन्तरिम प्रशासनको व्यवस्था आर्थिक अध्यादेशले गरेको छ ।

● **ग. मनोरञ्जन कर**
- प्रदेशले करको दर लगाउने र पालिकाले कर उठाउने, उठेको करको ६० प्रतिशत पालिकाको हिस्सा र ४० प्रतिशत प्रदेशको हिस्सा हुने,

● **घ. विज्ञापन कर**
- पालिकाले करको दर लगाउने र कर उठाउने, उठेको करको ६० प्रतिशत पालिकाको हिस्सा र ४० प्रतिशत प्रदेशको हिस्सा हुने,

३. **नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नुका कारणहरूबारे चर्चा गर्नुहोस् ।**
✍ सार्वजनिक सम्पत्ति व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने कार्य भ्रष्टाचार हो । यो आर्थिक तथा गैरआर्थिक दुवै किसिमको अपराध हो । नेपालमा यसको नियन्त्रण गर्नका लागि कानुनी र संस्थागत व्यवस्था गरिएको छ । राज्यका सबै अङ्ग भ्रष्टाचार नियन्त्रणमा सक्रिय छन् र पनि यसको नियन्त्रण हुन सकेको पाइँदैन । यो कुनै एउटा कारणले मात्र नभई यसमा विभिन्न प्रकृतिका कारण छन् । जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- सरकारी कार्यालयहरूमा स्वतःस्फूर्त रूपमा सेवा प्रवाह हुने र सूचना प्रवाह हुने संरचना र प्रणालीको विकास नहुनु,
- निजामती कर्मचारीहरू जिम्मेवार, जवाफदेही, आधुनिक र पारदर्शी हुन नसक्नु,
- सार्वजनिक सेवा प्रवाहको कार्य सरल र नियमित हुन नसक्नु,
- कानुनी व्यवस्था सरल र पारदर्शी नहुनु,
- सेवा प्रवाहमा संलग्न निकायहरूबीच कार्यगत समन्वयको अभाव हुनु,
- नागरिक सचेतनाको अवस्था सुदृढ हुन नसक्नु,
- सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको उपयुक्त प्रयोग हुन नसक्नु,
- नियामक निकायहरूबीच नियमित सूचना प्रवाह, समन्वय र सहकार्यको अभाव हुनु,
- सम्बन्धित मन्त्रालय तथा विभागहरूबाट हुने अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर हुनु,
- सरकारी कार्यालयहरूको कामकारबाही सरल, स्वच्छ एवं पारदर्शी हुन नसक्नु,
- सेवा प्रवाह तथा विकास निर्माणमा सरोकारवाला नागरिकको सार्थक सहभागिताको अभाव हुनु,
- सरकारी कार्यालयका सम्पूर्ण कार्यको प्रगति विवरण सार्वजनिक गर्ने कार्य संस्थागत हुन नसक्नु,
- मुलुकमा राजनीनिक तथा नीतिगत अस्थिरता कायम रहनु ।

४. **अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका क्षेत्रहरू के के छन् ? लेख्नुहोस् ।**
✍ समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न तर्जुमा गरिएको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ ले राष्ट्रिय आवश्यकता र प्राथमिकताका आठवटा क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने नीति लिएको छ, जुन निम्न छन् :
- क. भौतिक पूर्वाधार निर्माण,
- ख. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसरफाइ,
- ग. राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि,
- घ. रोजगारी सिर्जना र गरिबी निवारण,
- ङ. विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,
- च. वातावरण संरक्षण र जलवायु परिवर्तन,
- छ. विपत् व्यवस्थापन,
- ज. सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले निर्धारण गरेको उपयुक्त क्षेत्र,

५. **कर्मचारीतन्त्रका आधारभूत विशेषताहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ साङ्गठनिक संरचनामा आबद्ध भई वैधानिक अधिकारको विवेकपूर्ण प्रयोग गरी निर्धारित लक्ष्य हासिल गर्ने कर्मचारीको पेसागत समूह कर्मचारीतन्त्र हो । यसका आधारभूत विशेषतालाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- सङ्गठनका पदहरू तहगत शृङ्खलामा रहने, तहगत व्यवस्थाअनुरूप कर्मचारीलाई आदेश दिने, नियन्त्रण गर्ने, समन्वय गर्नेजस्ता कार्यहरू गरिने, सङ्गठनको कार्य गर्दा कर्मचारीले तहगत व्यवस्थाको नियम पालना गर्नुपर्ने,
- लिखित, मौखिक एवं प्रयोगात्मक परीक्षाद्वारा योग्यता जाँच गरी कर्मचारी छनोट हुने, योग्यता, क्षमता, ज्ञान, सीप, अनुभवका आधारमा उपयुक्त जिम्मेवारी दिइने,
- कानुनको पूर्ण परिपालना गर्ने, ऐन–नियमअनुसार कार्य गर्ने,
- व्यक्तिले नभई संस्थाले सेवा गर्ने, कानुनका आधारमा निर्णय गर्ने, निष्पक्षता कायम गर्ने, कानुनका अगाडि सबै समान हुने,
- राजनीतिक रूपमा तटस्थ रही निष्पक्ष सेवा प्रवाह गर्ने, राजनीतिक आस्थाका आधारमा आग्रह पूर्वाग्रह नराख्ने, निष्पक्ष व्यवहार गर्ने, सत्तापक्ष र प्रतिपक्ष सबै राजनीतिक दलहरूबाट टाढा रहने,
- तोकिएको उमेर तथा सेवा अवधिसम्म सेवामा रहिरहने, लामो समयसम्म सेवामा निरन्तर रहने हुँदा यसलाई स्थायी सरकारको रूपमा पनि लिइने,
- देश र जनताको सेवा गर्ने कार्यलाई पेसाका रूपमा लिई त्यसैमा आफ्नो भविश्य सुनिश्चित गर्ने, नियुक्ति, सरुवा, बढुवा, सेवा सुविधा, अवकाशलगायत वृत्ति विकासका सबै पक्ष कानुनद्वारा निर्दिष्ट हुने,

६. **नेपालमा विभागीय मन्त्री/राज्यमन्त्रीले बहन गर्नुपर्ने वित्तीय उत्तरदायित्वका विषय के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व ऐन, २०७६ को दफा ५० ले विभागीय मन्त्री/राज्यमन्त्रीले बहन गर्नुपर्ने वित्तीय उत्तरदायित्वका विषय सम्बन्धमा व्यवस्था गरेको छ, जुन निम्नअनुसार छन् :
- बजेट प्रस्ताव गर्ने,
- बजेट समर्पण गर्ने गराउने,
- योजना छनोट गर्ने,
- योजना तथा कार्यक्रमको अनुगमन गर्ने,
- मध्यमकालीन खर्च संरचना तयार गर्ने,
- सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने,
- यसैगरी विभागीय मन्त्री/राज्यमन्त्रीबाट उपरोक्त वित्तीय उत्तरदायित्व बहन भए, नभएको सम्बन्धमा प्रधानमन्त्रीबाट निगरानी हुने व्यवस्था पनि उक्त ऐनले गरेको छ ।

७. **नेपालको वित्त नीतिका विशेषताहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ कर, सरकारी खर्च तथा ऋणको माध्यमबाट मुलुकको अर्थतन्त्रलाई अनुकूल प्रभाव पार्ने नीति वित्त नीति हो । वित्त नीति समष्टिगत आर्थिक नीतिको एक अङ्ग हो । राजनीतिक र सामाजिक जगमा उभिएको यो नीति सरकारले तर्जुमा गर्छ । आर्थिक वर्ष आरम्भ हुनुभन्दा अगाडि जारी गरिने यो नीतिको निकट सम्बन्ध सरकारले तर्जुमा गर्ने बजेटसँग हुन्छ । नेपालको वित्त नीति वार्षिक बजेट तथा आवधिक योजनाबाट निर्देशित छ । 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने दीर्घकालीन उद्देश्यअनुरूप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढाइएको नेपालको वित्त नीतिका विशेषताहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :
- आर्थिक वृद्धि, आर्थिक स्थायित्व तथा सामाजिक न्याय कायम गर्ने बहुल उद्देश्यहरू लिइएको,
- वित्त नीति र मौलिक नीतिबीच समन्वय कायम गर्न खोजिएको,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच एकता, समन्वय र साझेदारी गर्ने, सहकारी र निजी क्षेत्रसँग सहकार्य गर्ने मार्गदर्शन लिइएको,
- नागरिकका अत्यावश्यक आवश्यकताहरूको परिपूर्तिलाई समाजवादतर्फको यात्राको प्रस्थान बिन्दु बनाइएको,
- काम र रोजगारीलाई उच्च प्राथमिकतामा राखेर लक्षित कार्यक्रम सञ्चालन, जस्तै : प्रधानमन्त्री रोजगार कार्यक्रम
- सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिँदै सत्तरी वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिकको एक लाख रुपियाँको स्वास्थ्य बीमा शुल्क सरकारले बेहोर्ने,
- सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने नीति,
- कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक, राजस्व प्रशासनमा सुधार, कर कानुनको पालना, कर छली तथा चुहावट नियन्त्रण,
- आर्थिक सामाजिक विकास, क्षेत्रीय समानता, मानव विकास, निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी खर्चमा बढी केन्द्रित,
- स्वच्छ, तटस्थ एवं पारदर्शी कर प्रणालीको विकास,
- स्वैच्छिक कर सहभागिताबाट कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउँदै जाने नीति,
- गैरकर राजस्वलाई साधन परिचालनको महत्त्वपूर्ण स्रोतका रूपमा विकास,
- वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन,
- वैदेशिक सहायतालाई आर्थिक तथा सामाजिक पूर्वाधारको विकास, रोजगारी सिर्जना र उत्पादनशील क्षेत्रमा उपयोग गर्ने नीति,
- विदेशी अनुदान र ऋण विदेशी सहायता नीतिभित्र रहेर लिने र उपयोग गर्ने,
- वैदेशिक सहयताभन्दा वैदेशिक लगानीमा जोड दिने,
- आन्तरिक क्षमता वृद्धि गर्दै वैदेशिक सहायतामाथिको परनिर्भरता घटाउँदै लैजाने व्यवस्था ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**